अनुसूची-१

(कोशी प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को नियम १० को उपनियम (६) सँग सम्बन्धित)

# मासिक प्रगति प्रतिवेदन

**कार्यालयको नामः प्रदेश राजस्व कार्यालय, इटहरी, सुनसरी।**

**सालः** २०८२ **महिनाः** फागुन

| क्र.सं. | प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति | पहिचान भएका प्रमुख समस्या | समाधानका प्रयास |
|---|---|---|---|---|
| १. | राजस्व सङ्कलनमा समन्वय तथा अनुगमन | ➢ मनोरञ्जन कर र पर्यटन शुल्क सङ्कलनमा समन्वय गरिएको।<br>➢ राजस्व सङ्कलनबारे केही पालिका (बेलबारी, सुन्दरहरैचा, विर्तामोड, भद्रपुर, मेचीनगर, बराहक्षेत्र (बोराबाध/चतरा) र मालपोत कार्यालय बेलबारीमा स्थलगत अनुगमन तथा छलफल गरिएको।<br>➢ राष्ट्रिय गौरवका आयोजनालाई नदीजन्य निर्माण सामग्री बिक्री प्रक्रिया सम्बन्धी अध्ययन एवम् कागजात तयार गरिएको।<br>➢ सवारी साधन कर सङ्कलनलाई व्यवस्थित गर्ने विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालय र यातायात व्यवस्था कार्यालयसँग छलफल गरिएको। सवारी साधन कर सचेतनाका लागि पहल गरेको।<br>➢ प्रदेश वन निर्देशनालयलाई वन क्षेत्रको पर्यटन शुल्क सङ्कलनमा समन्वय गरिदिन पत्राचार गरिएको।<br>➢ क्रसर व्यवसायी महासंघ/संघलाई वातावरण तथा औद्योगीकरण व्यवस्थापन शुल्क दाखिला गर्ने सम्बन्धमा पत्राचार गरिएको।<br>➢ विज्ञापन कर सम्बन्धी अध्ययन र कार्यविधि मस्यौदा बारे छलफल गरिएको। | ➢ कोशी प्रदेश आर्थिक ऐनमा तोकिए पर्यटनस्थल, तालतलैया, पिकनिकस्थल लगायतको पर्यटन शुल्क सङ्कलनको प्रावधानबारे स्पष्टता नभएको,<br>➢ वन क्षेत्रका खोला नदीको ढुङ्गा गिट्टी वालुवा सङ्कलन तथा विक्रीका लागि कानूनी द्विविधा रहेको र स्थानीय तह एवम् प्रदेशका मन्त्रालय/कार्यालयसँग पर्याप्त छलफल/समन्वय नभएको।<br>➢ मनोरञ्जन कर नलिई मेला महोत्सव सञ्चालनको अनुमति/सिफारिस हुने गरेको।<br>➢ नदीजन्य पदार्थ सङ्कलन तथा विक्री सम्बन्धी नियमित अनुगमन नभएको।<br>➢ प्रदेशको राजस्व प्रशासन, आय ठेक्का सम्बन्धी र राजस्व चुहावट नियन्त्रण अनुसन्धान सम्बन्धी कानूनको अभाव रहेको। | पर्यटन शुल्कको द्विविधाबारे स्पष्ट गरिदिन अनुरोध गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा राय माग गरिएको। आवश्यक कानूनी व्यवस्था गरिदिन सम्बन्धित मन्त्रालयहरुसँग छलफल/समन्वय गरिएको। |

| क्र.सं. | प्रमुख कार्यहरु | कार्यान्वयन स्थिति | पहिचान भएका प्रमुख समस्या | समाधानका प्रयास |
|---|---|---|---|---|
| २. | राजस्व सम्बन्धी विवरण सङ्कलन | ➢ वातावरण तथा औद्योगीकरण व्यवस्थापन शुल्क सम्बन्धी विवरण सङ्कलन गरिएको।<br>➢ मनोरञ्जन कर, विज्ञापन कर र पर्यटन शुल्क सङ्कलनबारे केही स्थानीय तहबाट विवरण माग गरिएको।<br>➢ मनोरञ्जन कर तथा पर्यटन शुल्क लाग्ने साहसिक पर्यटन तथा मनोरञ्जनात्मक खेल सञ्चालन गर्ने व्यवसायको विवरण पर्यटन विभागसँग माग गरिएको।<br>➢ यातायात व्यवस्था विभागसँग सवारी कर वक्यौता सम्बन्धी VRS को विवरण माग गरिएको।<br>➢ सबै स्थानीय तहसँग प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री शुल्क सम्बन्धी विवरण माग गरिएको। | माग गरिएको विवरण सबै कार्यालयबाट प्राप्त नभएको। यातायातको सवारी कर बक्यौता विवरण उपलब्ध हुन नसकेको। स्थानीय तहमा सङ्कलन भएको र प्रदेश आर्थिक ऐनमा तोकिएको पर्यटन शुल्क लगायतको राजस्व बाँडफाँड गरी प्रदेशलाई प्राप्त नभएको। | ताकेता पत्र पठाइएको, फोनबाट ताकेता गरिएको र सम्बन्धित तालुक मन्त्रालयसँग छलफल तथा समन्वय गरिएको। |
| ३. | कार्यालय सञ्चालन तथा नियमित कार्य | ➢ सामाजिक सुरक्षा कोषमा रोजगारदाताको रुपमा कार्यालयलाई सूचीकृत गरिएको।<br>➢ मासिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाइएको।<br>➢ खर्चको फाँटवारी वेवसाइटमा प्रकाशन र बिल सार्वजनिक गरिएको।<br>➢ कार्यालय प्रमुखहरुको बैठकमा सहभागी।<br>➢ भुक्तानी निकासा तथा नियमित कार्य सञ्चालन गरियो। | करारका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सम्बन्धित शीर्षकमा बजेट विनियोजन नभएको र बजेट कार्यान्वयन मार्गदर्शन अनुसार मन्त्रालयबाट परिपत्र नभएसम्म खर्च नगर्नु भनी रोक लगाएको। | सामाजिक सुरक्षा कोषमा योगदान रकम दाखिला गर्ने सहमति माग गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पत्राचार गरिएको। |